सुन चाँदी बजार मूल्य

छापावाल प्रतितोला	१,७५,०००
चाँदी प्रतितोला	१९९५

ढल्केबर बारा प्रसारण लाइन खण्डको काम पूरा

काठमाडौं। विद्युत प्रसारण प्रणाली सुदृढीकरण तथा विश्वसनीय बनाउन र नेपाल-भारतबीचको विद्युत् व्यापार विस्तारका लागि निर्माणाधीन हेटौंडा-ढल्केबर-इनरुवा ४०० केभी प्रसारण लाइन आयोजनाअन्तर्गत ढल्केबर-बारा खण्ड निर्माण कार्य पूरा भएको छ।

धनुषाको ढल्केबर सबस्टेसनदेखि पश्चिमतर्फ पर्ने महोत्तरी, सर्लाही, रौतहट हुँदै बारा र मकवानपुरको सीमानामा पर्ने सरस्वती डाँडासम्मको १०० किलोमिटर प्रसारण लाइन निर्माण सकिएको हो। धनुषाको ढल्केबरबाट पूर्वतर्फ पर्ने सुनसरीको भोक्राहा नरसिंह गाउँपालिका-४ स्थित इनरुवा सबस्टेसम्मको १५४ किलोमिटर ४०० केभी डबल सर्किट प्रसारण लाइन निर्माण निर्माण पूरा भई गत असारबाट सञ्चालनमा आइसकेको छ।

ढल्केबरबाट पश्चिमतर्फको विद्युत् प्रवाहलाई थप सहज बनाउन रौतहटको चन्द्रनिगाहपुर बजार नजिक रहेको जङ्गलसम्मको करिब ६० किलोमिटर ४०० केभी प्रसारण लाइनको एउटा सर्किटलाई १३२ केभीमा सञ्चालनमा ल्याइएको छ।

नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङको उपस्थितिमा हाल चालू रहेको पूर्व-पश्चिम १३२ केभी प्रसारण लाइनलाई उक्त स्थानमा ट्यापिङ गरी ४०० केभी प्रसारण लाइनलाई १३२ केभीमा चार्ज गरिएको सम्बद्ध अधिकारीहरूले बताएका छन्।

सो अवसरमा प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले ढल्केबरबाट पश्चिमतर्फ र पश्चिमबाट ढल्केबरतर्फ विद्युत् पठाउन हाल रहेको पूर्वाधार संरचनाको बाधा हटाउन निर्माण सम्पन्न भएको ४०० केभीलाई १३२ केभीमा चार्ज गरिएको बताए।

उनका अनुसार हिउँदयाममा हाल देखिएको ऊर्जा अभावलाई समाधान गर्न ढल्केबर-मुजफ्फरपुर अन्तरदेशीय प्रसारण लाइनबाट दिउँसो थप विद्युत् भारतबाट आयात गर्न सकिन्छ। यसबाट कुलेखानी जलाशय, माथिल्लो तामाकोशी, कालीगण्डकी, मर्स्याङ्दी, मध्यमर्स्याङदीजस्ता अर्धजलाशययुक्त आयोजनाको पानी दिउँसो जम्मा गरी साँझको पिक र राती चलाउन सकिन्छ। यसबाट ढल्केबरबाट पश्चिमतर्फको विद्युत् आपूर्ति व्यवस्थापनमा थप सहज हुने विश्वास घिसिङले व्यक्त गर्दै भने, 'वर्षायाम सुरु भएपछि देशभित्र खपत गरी अतिरिक्त भएको विद्युत् पश्चिमबाट ढल्केबरतर्फ प्रवाह गरी भारतमा हुने विद्युत् निर्यातको परिमाण बढाउन सकिन्छ, हाल चालू रहेको १३२ केभी प्रसारण लाइनको कन्डक्टर फेरेर क्षमता बढाउने काम अगाडि बढाउन सहज भएको छ।'

प्राधिकरणले मकवानपुरको हेटौंडादेखि ढल्केबरसम्मको १३२ केभी डबल सर्किट प्रसारण लाइनको स्तरोन्नति (तार फेर्ने)को काम गरिरहेको छ। पूर्व-पश्चिम १३२ केभी डबल सर्किट प्रसारण लाइनको क्षमताबृद्धि गर्न हेटौडादेखि ढल्केबर सबस्टेसनसम्मको करिब १३६ किलोमिटर खण्डमा पर्ने कम क्षमताको पुरानो तारलाई बदलेर उच्च क्षमताको नयाँ तार राख्न लागिएको हो। यसमध्ये हेटौंडाबाट बाराको पिलुवा सबस्टेसनसम्मको दुवै सर्किटको तार पर्ने काम पूरा भइसकेको छ। ढल्केबरबाट सर्लाहीको लालबन्दीसम्मको एउटा सर्किटको काम सम्पन्न भएको छ। स्थानीयको अवरोधका कारण लालबन्दीभन्दा अगाडि तार फेर्ने काम रोकिन पुगेको छ।

तार फेर्न लाइन बन्द (सट डाउन) गर्नु पर्ने र यसले गर्दा त्यस क्षेत्रको विद्युत् आपूर्ति नै प्रभावित हुने भएकाले काम अगाडि बढ्न सकेको थिएन। अब ४०० केभीलाई १३२ केभीमा चार्ज गरिएकाले उक्त लाइनबाट विद्युत प्रवाह गरी तार फेर्ने काम अगाडि बढाउन सकिने अवस्था बनेको हो। अहिले पुरानो १३२ केभी प्रसारण लाइनबाट करिब २ सय मेगावाट विद्युत् प्रवाह हुँदै आएकोमा कन्डक्टर बदलेपछि क्षमता वृद्धि भई करिब ४ सय मेगावाट प्रवाह हुन सक्छ। यसबाट त्यस क्षेत्रमा विद्युत् आपूर्तिमा सुधार हुने, पश्चिम क्षेत्रमा उत्पादित विद्युत्लाई पूर्वतर्फ थप प्रवाह गर्न सकिने र देशभित्र खपत गरी बढी भएको विद्युत्लाई ढल्केबर सबस्टेसनमार्फत भारततर्फ निर्यात गर्न सकिन्छ।

मकवानपुरको हेटौंडा उपमहानगरपालिका-११ स्थित थानाभञ्याङस्थित हेटौंडा सबस्टेसनबाट इनरुवा सबस्टेसम्मको २ सय ८८ किलोमिटर ४०० केभी प्रसारण लाइनलाई दुई खण्डमा विभाजन गरी निर्माण सुरु गरिएको थियो। प्रसारण लाइनलाई हेटौंडा-ढल्केबर १३४ किलोमिटर र ढल्केबर-इनरुवा १५४ किलोमिटरलाई दुई खण्डमा विभाजन गरिएको छ। यसमध्ये ढल्केबर-इनरुवा खण्ड निर्माण सम्पन्न भई सञ्चालनमा आइसकेको छ। हेटौडा-ढल्केबर खण्ड निर्माण भइरहेको अवस्थमा छ।

यस खण्डअन्तर्गत हेटौंडा उपमहानगरपालिका वडाहरु १५, १६ तथा १७ स्थिति हटिया क्षेत्रका केही स्थानीयले प्रसारण लाइनको रुट सार्न माग गर्दै करिब ८ वर्षदेखि निर्माणमा बाधा उत्पन्न गर्दै आएका छन्। हटिया क्षेत्रमा १६ वटा र हेटौंडा-११ स्थित थानाभञ्याङमा २ वटा गरी १८ वटा टावर निर्माण गर्न बाँकी छन्। बाँकी २ वटा टावर निर्माणाधीन छन्।

आयोजना नेपाल सरकार तथा प्राधिकरणको लगानी र विश्व बैंकको सहुलियतपूर्ण ऋणमा नेपाल-भारत विद्युत् प्रसारण तथा व्यापार परियोजना अन्तर्गत सुरु गरिएको हो। विश्व बैंकको ऋण अवधि सकिएपछि बाँकी काम हाल सरकार र प्राधिकरणको लगानीमा भइरहेको छ।

लोडसेडिङले कुलेखानी जलाशययुक्त जलविद्युत् आयोजना चापमा

हेटौडा। नेपाल विद्युत् प्राधिकरणको ब्याकअपको रूपमा मानिएको कुलेखानी जलाशययुक्त जलविद्युत् आयोजनामा अहिले चाप बढेको छ।

भारतबाट दैनिक १२ घण्टा मात्रै बिजुली आयात हुन थालेपछि कुलेखानी जलविद्युत् आयोजनालाई चाप बढेर गएको हो। कुलेखानी जलाशययुक्त जलविद्युत् आयोजनामा केही दिनदेखि २४ घण्टामा पानीको सतह सरदर ३६ सेन्टिमिटर घट्न थालेको देखिएको हो।

कुलेखानी जलाशयमा बिहीबार दिउँसो २ बजे एक हजार ५ सय २३ मिटर ८२ सेन्टिमिटर पानीको सतह थियो। शुक्रबार दिउँसो सोही समयमा एक हजार ५ सय २३ मिटर ४६ सेन्टिमिटरमा झरेको छ। भारतबाट दिनको १२ घण्टा मात्रै बिजुली आयात हुन थालेपछि कुलेखानीका तीन वटै जलविद्युत् आयोजना चौबीसै घण्टा सञ्चालन गरिएको कुलेखानी प्रथमका प्रमुख तारादत्त भट्टले जानकारी सार्वजनिक गरेका हुन्।

उनका अनुसार हाल चौबीसै घण्टा कुलेखानीका तीन वटै आयोजना सञ्चालनमा छन्। कुलेखानी जलाशयको पानीको सतह दैनिक ३५ देखि ४० सेन्टिमिटरसम्म घट्दै गएको छ। यस वर्षको बर्खायाममा कुलेखानी जलाशय ओभरफ्लो भएर ड्यामका ढोका खोलिएको थियो। एक हजार ५ सय ३० मिटर पानी अट्ने क्षमता भएको कुलेखानी जलाशय गत असोज १० मा टनाटन भरिएको थियो।

टनाटन भएकै कारण असोज ११ मा ड्यामको ढोका खोलिएको थियो। मकवानपुरको उत्तरी क्षेत्रमा रहेको थाहा नगरपालिकाका दामन, पालुङ, बज्रबाराही, चित्लाङ एवं इन्द्रसरोवर गाउँपालिकाको मार्खु र फाखेल जलाशयका जलाधार क्षेत्र हुन्। ती क्षेत्रमा गत बर्खायाममा भारी वर्षाका कारण कुलेखानी जलाशय टनाटन भएको भरिएको थियो। सुक्खायाम सुरु भएपछि कुलेखानी जलाशययुक्त आयोजना सञ्चालन गरिएको थियो। हालसम्म जलाशयको पानीको सतह ६ मिटर १८ सेन्टिमिटर घटिसकेको छ। कुलेखानी जलाशयमा एक हजार ४ सय ८३ मिटर पानीको सतह अन्तिम बिन्दु हो।

पानीको सतह एक हजार ४ सय ८३ मिटरमा पुगेपछि विद्युत् उत्पादन गर्न सकिने अवस्था हुँदैन्। गत वर्षको सुक्खायाममा जलाशयको पानी झन्डै अन्तिम बिन्दुसम्म उपयोग गरिएको थियो। कुलेखानी जलाशयको पानी एक हजार ४ सय ८४ मिटरसम्म तल झर्दा प्रयोग गर्न सकिने प्राधिकरणले जनाएको छ। जलाशयमा संकलित पानीमध्ये ४६ मिटर मात्र विद्युत् उत्पादनमा प्रयोग गर्न सकिने अवस्था छ। कुलेखानी प्रथमबाट ६०, दोस्रोबाट ३२ र तेस्रोबाट १४ गरी एक सय ६ मेगावाट विद्युत् उत्पादन हुने प्राधिकरणले जनाएको छ। कुलेखानी जलाशयमा संकलित पानीबाट तीन वटै आयोजनाले विद्युत् उत्पादन गर्छन्। ३ सय मिटर चौडाइ र सात किलोमिटर लम्बाइ रहेको कुलेखानीको जलाशय नेपालका ठूला योजनामध्ये एक जलविद्युत् उत्पादन गृह हो। सुक्खायाममा सञ्चालन गर्न कुलेखानी जलाशयमा पानी संकलन गरेर राखिएको भट्टले जनाएका छन्।

उनका अनुसार कुलेखानी जलविद्युत् आयोजनाको जलाशयको पिँधको सतह बढेकाले ६ करोड ३३ लाख युनिट विद्युत् उत्पादनमा कमी आएको छ। सुरुमा जलाशयमा संकलित पानीबाट २१ करोड ११ लाख युनिट विद्युत् उत्पादन हुने गरिन्थ्यो। तर अहिले त्यो क्षमतामा कमी आइ १४ करोड ४७ लाख युनिट मात्र विद्युत् उत्पादन हुन्छ। जलाशयको पानी संकलन क्षमतामै ह्रास आएकाले विद्युत् उत्पादनमा कमी आएको हो। यसले उत्पादन स्वतः प्रभावित हुन्छ। करिब २७ मिलियन क्युसेक पानी अट्ने क्षमतामा ह्रास आएको कुलेखानी प्रथमका प्राविधिकहरू बताउँछन्।

बर्सेनि जलाधार क्षेत्रबाट खोलाले बगाएर ल्याउने ढुंगा, माटो, बालुवा र पातपतिंगर जलाशयमा थुपार्ने गरिएकाले सरोवरको सतह बढेपछि पानी अट्ने क्षमता खुम्चिदै गएको हो। सुरुमा कुलेखानी जलाशयमा ८५ दशमलव ३ मिलियन क्युसेक पानी अटाउने क्षमतामा ह्रास आएर अहिले ५९ दशमलव ९९ मिलियन क्युसेकमा झरेको छ। कुलेखानी सञ्चालनमा आएको ४१ वर्षमा १३ मिटरभन्दा बढी जलाशयको पिँधको सतह वृद्धि भएको जनाइएको छ। जलाशयको पानी संकलन गर्ने क्षमतामा ३० प्रतिशत गिरावट आएको हो। विद्युत् उत्पादनमा पनि ३० प्रतिशतले घटेर गएको छ। जलाशयको पानी क्षमतामा ह्रास आएकाले सुरुको अवस्थाको तुलनामा विद्युत् प्राधिकरणले वार्षिक करिब ३५ करोड रुपैयाँ नोक्सानी बेहोरिरहेको छ।

२०३९ सालमा कुलेखानी जलविद्युत् आयोजना प्रथम सञ्चालनमा आउँदा जलाशयमा संकलित पानीमध्ये ५७ मिटर पानी विद्युत् उत्पादन गर्न प्रयोग गर्न सकिने अवस्था थियो।

२०५० सालको बाढीपछि जलाशयमा संकलितमध्ये ५० मिटर मात्र पानी विद्युत् उत्पादन गर्न सकिन्थ्यो। अहिले ४६ मिटर मात्र पानी विद्युत् उत्पादन गर्न प्रयोग गर्न सकिन्छ। जलाशयमा 'डेब्रिज' हरू यसरी थुप्रिँदै गएपछि विद्युत् उत्पादन गर्न प्रयोग गर्न सकिने पानीको सतह घट्दै गएको छ।

सरकारका मन्त्री र प्राधिकरणका पदाधिकारीबीचको विवादले भारतबाट आउने बिजुली आउन नसक्ने अवस्थाले लोडसेडिङ हुन गएको छ। यसले आपूर्ति र माग बीचको समस्याले कुलेखानीमा चाप बढेको सम्बद्ध अधिकारीहरूको भनाइ छ।

आमाछोदिङमो गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गोल्जुङबेसी, रसुवा
बागमती प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति : २०८१/१२/१० गते)

यस कार्यालयबाट तपसिल बमोजिम मिति २०८१/१०/२८ को प्रभाव दैनिकमा बोलपत्र आह्वानको सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मूल्याङ्कन गर्दा तपसिल बमोजिमका बोलपत्रहरु न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही भई मूल्याङ्कन समितिबाट स्वीकृतिका लागि सिफारिस भई आए बमोजिम सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) अनुसार तथा सार्वजिनक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्र दाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

सि. नं.	ठेक्का नं	कामको विवरण	सूचना प्रकाशित मिति	छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना	कबोल अंक रु. (भ्याट सहित, PS बाहेक)
१.	AAMA/WORKS/NCB/ 02-2081/082	हाकु खानेपानी ब्यबस्थापन	२०८१/१२/१०	जम्बो कन्स्ट्रक्सन, रसुवा	३९,२५,२३१।३९

घरजग्गा व्यवसायीहरूले लगानी बैंक सञ्चालन गर्ने

भैरहवा। घरजग्गा व्यवसायीहरूले मुलुकको आर्थिक अवस्था लामो समयदेखि प्रतिकूल रहेको भन्दै आफ्नै लगानीमा इन्भेस्टमेन्ट कम्पनी सञ्चालन गर्ने निर्णय गरेका छन्। देशभरका घरजग्गा व्यवसायीको थोरैथोरै लगानीबाट सञ्चालन हुने यस्तो कम्पनीले बैंकिङ ऋणबाट मुक्ति दिलाउने धारणा उनीहरूले व्यक्त गरेका छन्। शनिबार रुपन्देही घरजग्गा व्यवसायी संघको अधिवेशनमा सहभागीले कोरोना महामारीपछि थलिएको व्यावसाय उकास्न इन्भेस्टमेन्ट कम्पनी सञ्चालनको निर्णय गरिएको बताएका छन्।

घरजग्गा व्यवसायी महासंघ केन्द्रीय समितिको बैठकले व्यवसायीबाट एक-एक लाख रुपैयाँ संकलन गरेर कम्पनी स्थापनाको निर्णय गरेको छ। अधिवेशनको उद्घाटन सत्रमा सहभागी महासंघका केन्द्रीय अध्यक्ष विष्णु घिमिरेले आफ्नो लगानी क्षमता नचिनेकाले बैंकका कारण व्यवसायीहरू संकटमा परेको जनाए। उनले अब आर्थिक संकलन गरेर भए पनि आफ्नो र सामाजिक हितमा काम गर्ने बेला भएको बताउँदै त्यसको सुरुवात रुपन्देहीबाट गर्न लागेको बताए। महासंघले सुरु गर्ने कम्पनीमा मुलुकभरका व्यवसायी समेटेर अगाडि बढ्ने उनको भनाइ छ।

यसैगरी महासंघका वरिष्ठ उपाध्यक्ष दीपक मल्होत्राले मुलुकमा भूकम्प र कोरोना महामारीपछि घरजग्गाको कारोबार ठप्प हुँदा व्यवसायीलाई बैंकको ब्याज र किस्ता कसरी तिर्ने भन्ने चिन्ताले मानसिकरूपमा सताएको बताए। उनका अनुसार अब यस्तो तनावबाट मुक्तिका लागि इन्भेस्टमेन्ट कम्पनी सञ्चालन गर्न लागिएको छ। अब घरजग्गामा कम्पनीबाट लगानी गरिन्छ।

सकेसम्म बैंकमा जानु नपरोस् भनी उद्देश्यका साथ बैंकको स्थापना गर्न लागिएको हो। कम्पनी सञ्चालनको विषयमा महासंघले सातै प्रदेशमा बहस चलाउने योजना बनाएको छ।

व्यवसायीहरूका अनुसार सरकारले घरजग्गा कारोबारलाई उद्योगको मान्यता दिन आनाकानी गरेकाले मर्कामा परेको बताए। वर्षौंदेखि माग गरे पनि सरकारले रियलस्टेटलाई उद्योगको मान्यता दिएको छैन्। अब उद्योगको मान्यता दिलाउन मुलुकभरबाट दबाब दिन घर जग्गा व्यवसायी एकजुट हुन आवश्यक रहेको छ। काठमाडौं, पोखरा, चितवन, विराटनगर लगायत ठूला सहरबाट घरजग्गा व्यवसायी भेला भएका थिए।

Arjundhara Municipality Office, Jhapa
Koshi Province, Nepal

Invitation for Electronic Bids

Date of publication: 2081/12/10 (23rd March 2025)

The ***Arjundhara Municipality*** invites Electronic bids under e-procurement system for eligible bidders for the following works.

S.N	Description of Works	Type of Bid	Contract Identification No.	Bid Security (NRs)	Bid document fee (Nrs)
1.	Supply, Installation and commissioning of cold chamber at Arjundhara-08	National Competitive Bidding	AM/NCB/GOODS/ 02-081/82	96000	3000

Account Details For Bid Document Fee

Name of the Bank: NIC Asia Bank
Name of Office: Arjundhara Municipality Office, Jhapa
Account no.: 0092050511258012 (Antarik Rajaswo Khata)
Office code Number: 305041202
Revenue Code Number: 14229

Account Details for Bid Security

Name of the Bank: NIC Asia Bank
Name of Office:Arjundhara Municipality Office
Account no.: 0092050511258018 (Dharauti Katha)

1. Eligible Bidders may obtain further information from **Arjundhara Municipality office *Jhapa, Telephone number: 023-465502/023465503 email id : arjundharamun@gmail.com*** or may visit PPMO website www.bolpatra.gov.np/egp.